नेपाल राजपत्र

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ७ गते २०३१ साल

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

नेपाल विशेष अदालत ऐन, २०१३ (संशोधन सहित) को दफा ३ र ७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ ।

खण्ड २३ मिति २०३०।३।३१ अतिरिक्ताङ्क २० (संशोधन सहित) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम गठन भएको जनकपुर अञ्चल अदालतका का.मु. अतिरिक्त अञ्चल न्यायाधीश श्री ऋद्धिमानन्द बज्राचार्यको एक सदस्यीय विशेष अदालतलाई देहायको मुद्दाहरू समेत कारवाई र किनारा गर्न सुम्पिएको छः—

१. वादी श्री ५ को सरकार प्रतिवादी मोरङ जिल्ला लेटाङ वस्ने तुजु भन्ने सखर-बहादुर समेत भएको कं. कुलप्रसाद मरेको सम्बन्धमा मोरङ जिल्ला अदालतमा दायर रहेको ज्यान मुद्दा र सो मुद्दाबाट उठेका र उठ्ने अन्य मुद्दाहरू ।

२. गत २०३० साल चैत्र ३ गते विराटनगरमा भएको ग्रेनेड काण्ड र तत्सम्बन्धी कोशी अञ्चलाधीश समक्ष र अन्य अड्डा अदालतहरूमा दायर भएका तथा दायर गर्नुपर्ने भएका मुद्दाहरू ।

आज्ञाले—
त्रिभुवनप्रताप राणा
श्री ५ को सरकारको का.मु. सचि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।